नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

मध्य बानेश्वर, फोन नं. ०१-४४९८०१३/१४

## पदपूर्ति सम्बन्धी सूचना

**(प्रकाशन मिति २०७७/०९/२४)**

लोकसेवा आयोगबाट मिति २०७६/११/५ मा सहमति प्राप्त भई कोभिड १९ को कारण प्रक्रियामा रही पदपूर्ति कार्य बाँकी रहेको देहायको सेवा/समूहमा रिक्त रहेको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यस केन्द्रको दरखास्त फाराममा भएको विवरण भरी आफूले प्राप्त गरेको नागरिकता तथा शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु उम्मेदवार स्वंयले प्रमाणित गरी हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति फारमको निर्दिष्ट स्थानमा टाँसी प्रथम पटक विज्ञापन प्रकाशित मितिले २१ दिन भित्र र थप ७ दिन भित्र दोब्बर दस्तुर बुझाई दरखास्त दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ। रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन। दरखास्त फाराम तथा पाठ्यक्रम केन्द्रको वेबसाइट **www.aepc.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

| वि.नं. | पदको नाम | तह | सेवा/समूह | पद संख्या | समावेशी/ खुल्ला | परीक्षाको दस्तुर | परीक्षाको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|
| १/०७७/७८ | प्राविधिक सहायक | ५ | प्राविधिक/ प्राविधिक | १ (एक) | खुल्ला | ३००/- | लिखित/अन्तर्वाता | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स तथा कम्युनिकेशन इन्जिनियरिङ्ग वा कृषि इन्जिनियरिङ्ग बिषयमा कम्तीमा डिप्लोमा उत्तीर्ण गरेको। |

**द्रष्टव्य :**

१. परिक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुनेछ।

२. लिखित परिक्षाबाट छनौट भएका उम्मेदवारहरु मात्र अन्तर्वातामा सम्मिलित हुन पाउनेछन्।

३. उम्मेदवारहरुको उमेर १८ वर्ष पूरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

४. दरखास्त साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु (लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र) र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न गर्नु पर्नेछ। समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताका हकमा समकक्षता निर्धारण गरिएको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्दछ।

५. तलब भत्ता र अन्य सुबिधा केन्द्रको नियमानुसार हुनेछ।

६. परीक्षा कार्यक्रम लोकसेवा आयोगले तोके बमोजिम हुनेछन।

७. अन्य थप जानकारीको लागि केन्द्रको कार्यालय भवन मध्य बानेश्वरमा सम्पर्क राखी बुझ्न सकिनेछ।